प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय

कोशी प्रदेश, तेह्रथुम, नेपाल

प.स. ०८०/८१ मिति: २०८०/०४/२५

च.नं.

विषय —फर्म नविकरण तथा खारेजी सम्वन्धमा सूचना ।

**फर्म नविकरण तथा खारेजीका लागि विशेष व्यवस्था**

१.प्रचलित कानुन बमोजिम दर्ता भई खारेजीमा नपरेका तथा तोकिएको समयमा नविकरण गर्न छुट भएका निजी तथा साझेदारी फर्महरुले नवीकरण वा खारेजीका लागि २०८१ साल असार मसान्त सम्म निवेदन दिएमा तीन वर्षको एक नवीकरण अवधि मानी **कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन,**२०७७ को अनुसूची -१ बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको दोब्बर दस्तुर लिई फर्म नवीकरण वा खारेजी गरिनेछ ।

२. संघीय कानून बमोजिम दर्ता भई प्रचलित प्रदेश कानून बमोजिम तोकिएको समयमा अभिलेखीकरण गर्न छुट भएका प्राइभेट तथा साझेदारी फर्महरुले अभिलेखीकरणका लागि २०८१ साल असार मसान्त सम्म निवेदन दिएमा रु.१००।- दस्तुर लिई अभिलेखीकरण गरिनेछ ।

प्र.प्रमुख उद्योग अधिकृत

फोन नं. ०२६-४६०११७ ईमल:-csidb13thum@gmail.com

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय

कोशी प्रदेश, तेह्रथुम, नेपाल

प.स. ०८०/८१ मितिः २०८०/०४/२५

च.नं.

## प्रशिक्षक सुचिकरण गर्ने सूचना ।

**सूचना प्रकाशित मिति :२०८०/०४/२५**

उपरोक्त विषयमा यस कार्यालयबाट चालु आ.व. ०८०/८१ मा देहायका विषय लगायत विभिन्न विषयका सिपमुलक तालिम संचालन गर्नुपर्ने भएकाले उक्त तालिमको प्रशिक्षक पदमा कार्य गर्न इच्छुक तपसिल बमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरुले रु.१० को टिकट टाँस गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र देहायका कागजातहरु सहित यस कार्यालयमा निवेदन दिई सूचिकृत हुन जानकारी गाराईन्छ ।

तालिमका विषयहरु :

१.ढाका कपडा बुनाई
२.सिलाई कटाई
३.फर्निचरको बुट्टा हान्ने
४.हलुका सवारी चालक
५. ब्युटिसियन (महिला)
६. मोवाइल मर्मत
७.सुरक्षा गार्ड
८. जुत्ता चप्पल बनाउने
९.हाउँस वायरिङ्ग
१०.प्लम्बीङ
११.कम्प्युटर (बेसिक कोर्स)
१२. साबुन बनाउने
१३.बाँसको फर्निचर एवं मुठा बनाउने
१४.डल कुशन
१५.क्रिसटल
१६.अगरबती बनाउने
१७. कृषि सम्वन्धी तालिम

तपशिल :-

- शैक्षिक योग्यताको प्रमाण -पत्र चारित्रिक प्रमाण —पत्रको प्रतिलिपि ।
- मान्यता प्राप्त संस्था (**CTEVT**) बाट सम्वन्धित विषयमा कम्तिमा **LEVEL ONE** को तालिम प्राप्त गरेको प्रमाण —पत्रको प्रतिलिपि ।
- अनुभव सम्वन्धी प्रमाणको प्रतिलिपि ।
- नेपाली नागरिकताको प्रमाण —पत्रको प्रतिलिपि ।

पुनश्चय :-

- यहाँ उल्लेख भएका बाहेक अन्य विषयमा तालिम प्राप्त गरेका व्यक्तिहरुले समेत आफुले संचालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिन सकिनेछन् ।
- यसै सूचना अनुसार रोष्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी प्रशिक्षकलाई प्राथमिकता दिइनेछ ।
- यस जानकारीको लागि कार्यालयको फोन नं.०२६-४६०११७ मा सम्पर्क गर्न सकिनेछ ।

०८०/०४/२५

नि. प्रमुख उद्योग अधिकृत

फोन नं. ०२६-४६०११७
ईमलः-csidb13thum@gmail.com